लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८३/०८४
च.नं.:-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०५।२५)*

**श्री सामुदायिक विद्यालयहरु सबै,**
**लुम्बिनी प्रदेश ।**

**विषय : सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ. व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्रका **सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित विद्यालयहरुले सार्वजनिक सूचना प्रवाह गरी यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन
२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि SEE उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र कम्तीमा ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस
४. मुक्त कमैया र कम्लहरी छात्रवृत्तिका लागि सरकारी निकायबाट जारी सिफारिस वा प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५. मुस्लिम र सिमान्तकृत छात्रवृत्तिका लागि सो जातिभित्र सूचिकृत भएको सम्बन्धित सरकारी निकायबाट जारी सिफारिसपत्र / प्रमाणपत्र
६. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने र दलित भएको प्रमाणपत्रको प्रतिलिपि
७. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको बेहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र
८. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

२०८३।०५।२५
(हरिलाल अर्याल)
नि .महानिर्देशक
नि. महानिर्देशक

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका विद्यालयहरुलाई सूचना प्रवाह गरी माथि उल्लिखित सम्पूर्ण कागजातहरु **सावधानी पूर्वक रुजु गरी** विद्यालयगत विद्यार्थी विवरणको प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रतिको एकमुष्ट विवरण तयार गरेर, प्रमाणित गरी प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रति समेत नेपाली Unicode font मा ७ दिन भित्र यस निर्देशनालयमा पठाइदिनुहुन ।। (विद्यालयले तयार गरेको Excel लाई एकिकृत गरी डिभिजन कार्यालयले Excel तयार गर्ने )

**सम्पर्क:**

१. बाँकै र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके -सम्पर्क नं. ९८५८०८०२८१
२. दाङ र रुकुमपूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय,तुल्सीपुर, दाङ- सम्पर्क नं. ९८५७८२५२४६
३. प्यूठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्यूठान -सम्पर्क नं. ९८५७८६०१४३
४. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा -सम्पर्क नं. ९८५७०६४०७०
५. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु -सम्पर्क नं. ९८५७०५००१३
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा,रुपन्देही -सम्पर्क नं. ९८५७०७७६२०

सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | कक्षा | विद्यार्थीको नाम | | निवेदन दिएको समूह (कमैया, कमलहरी, मुस्लिम, दलित) | विद्यालयको | | विद्यार्थीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपालीमा | अंग्रेजीमा (बैङ्क खातामा भएको) | | बैङ्कको नाम | खाता नं. | बैङ्कको नाम | खाता नं. | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार पार्नेः

रुजु गर्नेः

प्रमाणित गर्ने

नि. महानिर्देशक